## नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल मेडिकल एशोसिएशन वीच भएको संझौता

नेपाल मेडिकल एशोसिएशनले उठाएका विभिन्न मागका सम्वन्धमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा गठित वार्ता टोली र सो एशोसिएशनका पदाधिकारी वीच छलफल भई देहायका बुँदाहरुमा सहमति भई संझौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लिने दिने काम सम्पन्न भयो ।

१. विगत केही वर्षदेखि स्वास्थ्य सेवाका कर्मचारीमध्येबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव नियुक्त हुँदै आएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।०४।२९ को निर्णय बमोजिम भएको सचिवहरुको सरुवा र पदस्थापन सम्वन्धी विषयमा नेपाल मेडिकल एशोसिएशनले उठाएका मागका सम्वन्धमा छलफल हुँदा यस विषयलाई सम्वोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पन्ध्र दिनभित्र पहल गर्ने ।

२. हाल प्रचलनमा रहेको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई समयानुकुल संशोधन गर्न एक कार्यदल गठान गरी तत्काल काम प्रारम्भ गर्ने ।

३. स्वास्थ्य विमा सम्वन्धी मागको सम्वन्धमा हाल मन्त्रालयले सामाजिक स्वास्थ्य बिमा निर्देशिका २०७१ तयार गरी स्वीकृतिको लागि तत्काल मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने अवस्था एकातिर रहेको र अर्कोतिर ईलाम, बाग्लुङ र कैलाली सहितका तीन जिल्लाहरुमा स्वास्थ्य बिमा सम्वन्धी काम भईरहेको तथा दिर्घकालिन बिमा व्यवस्थाको लागि सामाजिक स्वास्थ्य बिमा ऐन, २०७१ को मस्यौदा समेत प्रारम्भ भईसकेको अवस्थामा यस कार्यलाई लक्ष्यमा पुऱ्याउन तदारुकताका साथ निरन्तरता दिने ।

४. निजी स्वास्थ्य संस्था र त्यस्ता स्वास्थ्य संस्थामा आवद्ध स्वास्थ्यकर्मीलाई हाल लिने गरिएको पाँच प्रतिशत स्वास्थ्य सेवाकर हटाउन र कर संलग्न प्रकृयालाई सरल बनाउने विषयमा मिति २०७०/१०/०३ मा समेत संझौता भईसकेको हुँदा यस विषयलाई कार्यान्वयनमा ल्याउन सम्वन्धित मन्त्रालयसंग पुनः गम्भिर पहल गर्ने ।

५. नेपाल मेडिकल एशोसिएशन र मन्त्रालय वीच यस अघि संझौत भई कार्यान्वयन हुन बाँकी मन्त्रालय र अन्तर्गत चिकित्सक र स्वास्थ्यकर्मीको दबरन्दी जनसंख्या र भौगोलिक पहुँच समेतको आधारमा उपयुक्त अनुपातमा वृद्धि गर्ने विषयमा मानव संशाधन र रणनीति कार्ययोजना (२०११-२०१५) ले पहिचान गरेको १४२४० दरबन्दीको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने निर्णय भई काम शुरु भएको विषय र चिकित्सकको ३३० दरबन्दी थप लगायतका विषयहरु कार्यान्वयनमा ल्याउन मन्त्रालयले नेतृत्व लिने ।

६. चिकित्सकहरुलाई सरकारी सेवामा आकर्षण गराई निजहरुको सेवा ग्रामीण जनताको पहुँचमा सर्वसुलभ बनाउन थप भत्ता लगायत सुविधा उपलब्ध गराउने सम्वन्धमा सम्वन्धित सरोकारवाला समेतको प्रतिनिधित्व हुने गरी कार्यदल गठन गरी काम प्रारम्भ गर्ने ।

७. हालै जारी भएको नेपाल स्वास्थ्य नीति, २०७१ बमोजिम वजेट व्यवस्था लागू गर्न पहल गर्ने ।

८. मेडिकल कलेज उच्चस्तरीय राष्ट्रिय मापदण्ड सिफारिश समितिको अध्ययन प्रतिवेदन, २०७१ र चिकित्सा विज्ञान सम्वन्धी विश्वविद्यालयको सम्भव्यता अध्ययन, २०७१ को प्रतिवेदनका सम्वन्धमा मन्त्रिपरिषद्मा छलफलका लागि विषय प्रवेश गराउने ।

९. निजी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी लगायतका सम्पूर्ण कर्मचारीलाई त्यस्ता स्वास्थ्य संस्थाको सेवा, शर्त तथा सुविधा सम्वन्धी प्रचलित विधान बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा पारदर्शी रुपमा नियमित उपलब्ध गराउने गरी अविलम्व कार्यान्वयन गर्ने सम्वन्धमा मन्त्रालयले तत्काल निर्देशन जारी गर्ने ।

१०. नेपाल मेडिकल एशोसिएशनले हाल जारी गरेको विरोध प्रदर्शन लगायतका सम्पूर्ण कार्यक्रम तत्काल फिर्ता गरी पूर्ववत काममा फर्कने ।

| स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको, | नेपाल मेडिकल एशोसिएशनको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको, |
|---|---|
| नामः- डा. बिमल प्रसाद ढकाल | नामः- डा अञ्जनी कुमार झा |
| दर्जाः- प्रमुख विशेषज्ञ | दर्जाः- अध्यक्ष |
| हस्ताक्षरः- | हस्ताक्षरः- |
| मितिः- २०७१/०५/०८ | मितिः- २०७१/०५/०८ |